स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतको प्रसिद्ध सांगीतिक कम्पनी टि-सिरिजले नेपाली गायक सुशान्त केसीसँग नयाँ गीतको लागि सहकार्य गर्ने भएको छ। सुशान्तको नयाँ गीत "जादुगरी" १८ मेमा टि-सिरिजको युट्युब च्यानलबाट रिलिज हुनेछ। गायक केसीले इन्स्टाग्रामबाट आफ्ना प्रशंसकलाई गीत आउन लागेको जानकारी दिएका छन्। "हल्का न्यानो र वर्णन गर्न असम्भव हुने प्रेम।

आजको विचार...



राहत...
*(दुई पेजमा)*

बसन्त पराजुली

गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्म "मालती मंगले" प्रदर्शनको दोस्रो सातामा प्रवेश गरेको छ। फिल्मले पहिलो साता सन्तोषजनक व्यापार गरेको निर्माता ढकालले जानकारी दिए। प्रकु पाण्डेय निर्देशित फिल्मले अभावका बिच हाँसीखुसी रहेका ग्रामीण दम्पतीको जीवनमा कथित सामाजिक मान्यता र भ्रम हाबी हुँदा आउने उतारचढावको कथा भन्छ।



❒ वर्ष ३१ ❒ अंक २८९ ❒ २०८३ जेठ ४ गते सोमबार 18 May 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मस्को क्षेत्रमा ड्रोन आक्रमण ३ को मृत्यु

(रासस/एएफपी)

**मस्को,** जेठ ३/रुसको राजधानी मस्को वरपरको क्षेत्रमा आइतबार बिहान भएको ठूलो मात्राको ड्रोन आक्रमणमा कम्तीमा ३ जनाको दुःखद मृत्यु भएको क्षेत्रीय गभर्नर आन्द्रेई भोरोब्योभले जानकारी दिएका छन् । उनका अनुसार, एउटा आवासीय घरमा मानवरहित हवाई यान ठोक्किँदा एक महिलाको ज्यान गएको हो । साथै थप एक व्यक्ति भग्नावशेषमुनि फसेको र दुई पुरुषको पनि मृत्यु भएको पुष्टि गरिएको छ । उनले बिहान करिब ३ बजेदेखि नै वायु रक्षा प्रणालीले ठूलो मात्राको आक्रमण रोक्ने प्रयास गरिरहेको बताए । यस घटनामा कम्तीमा ४ जना घाइते भएका छन् भने विभिन्न पूर्वाधार संरचनाहरूमा पनि क्षति पुगेको छ । राजधानी मस्कोमा मेयर सर्गेई सोब्यानिनका अनुसार रातभरमा कम्तीमा ७४ वटा मानवरहित हवाई यान खसालिएको वा अवरुद्ध गरिएको थियो । उहाँका अनुसार भग्नावशेष खस्दा १२ जना घाइते भएका छन् र केही स्थानमा सामान्य क्षति भएको छ । पछिल्लो २४ घण्टामा १२० वटा मानवरहित हवाई यान नष्ट गरिएको दाबी गरिएको छ । आक्रमणको जिम्मेवारीबारे आधिकारिक पुष्टि नभए पनि युक्रेनले रुसभित्र विभिन्न स्थानमा आक्रमण गर्ने क्रम बढाउँदै आएको छ ।

# लुम्बिनी सरकारको बजेट खर्च निराशजनक

## १० महिनामा ४० प्रतिशत पनि पुगेन

**हाम्रा संवाददाता/रासस**

**सिद्धार्थनगर (भैरहवा),** जेठ ३/ चालु आर्थिक वर्ष समाप्त हुन दुई महिना मात्र बाँकी रहँदा पनि लुम्बिनी प्रदेश सरकारको बजेट कार्यान्वयन अत्यन्त सुस्त देखिएको छ । विकास निर्माणका योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्दा प्रदेश सरकारको समग्र खर्च प्रगति ४० प्रतिशतभन्दा कम भएको हो । अधिकांश मन्त्रालयले विनियोजित बजेटको आधा रकमसमेत खर्च गर्न नसकेको तथ्याङ्कले देखाएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार र चालुतर्फ १५ अर्ब ४३ करोड ८५ लाख ३५ हजार गरी कुल ३८ अर्ब ८१ करोड बजेट विनियोजन गरेको थियो । चालु वर्षको १० महिना सकिँदासम्म कुल बजेटको जम्मा ३९ दशमलव ९१ प्रतिशत मात्रै खर्च भएको छ । विशेषगरी विकास बजेट खर्चमा कमजोरी देखिएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार वैशाख मसान्तसम्म चालु तथा पुँजीगत गरी




प्रदेश सरकारले १३ अर्ब ७९ करोड ९१ लाख ८५ हजार ९४२ रुपैयाँ खर्च गरेको छ ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १० महिनामा २६ दशमलव ६६ प्रतिशत अर्थात् १३ करोड ३७ लाख ८३ हजार मात्र खर्च गरेको छ । युवा तथा खेलकुद मन्त्रालयले ६ करोड आठ लाख ६१ हजारमध्ये १६ दशमलव ३४ प्रतिशत खर्च गरेको छ । त्यस्तै सहरी विकास तथा खानेपानी मन्त्रालयले दुई अर्ब पाँच करोड ६६ लाख ५४ हजार बजेटमध्ये ३६ दशमलव ५९ प्रतिशत खर्च गरेको छ भने सामाजिक विकास मन्त्रालयले ९६ करोड ४५ लाख ८० हजार बजेटमध्ये २६ दशमलव ६६ प्रतिशत मात्र खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले दुई अर्ब ८८ करोड ३९ लाख ६१ हजारमध्ये हालसम्म ५८ दशमलव २३ प्रतिशत बजेट खर्च गरेको जनाएको छ । यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले ४३ करोड ८६ लाख २५ हजार अर्थात् २६ दशमलव ७५ प्रतिशत बजेट खर्च गरेको छ भने उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ५३ करोड ४४ लाख ४५ हजारमध्ये २८ दशमलव ०७ प्रतिशत खर्च गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक अर्ब चार करोड ६९ लाख २१ हजारमध्ये ३८ दशमलव ९८ प्रतिशत खर्च गरेको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले ५३ करोड ४४ लाख ९८ हजार बजेटमध्ये ३५ दशमलव ५२ प्रतिशत खर्च गरेको छ । त्यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४१ करोड २५ लाख ८६ हजार बजेटको ११ दशमलव २४ प्रतिशत मात्रै खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले एक अर्ब चार करोड ८१ लाख ८३ हजारमध्ये ४१ दशमलव १५ प्रतिशत खर्च गरेको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालयले चार अर्ब २९ करोड ५७ लाख ४४ हजार बजेटमध्ये ४३ दशमलव २८ प्रतिशत खर्च गरेको जनाएको छ ।

धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।

-धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,

-धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,त्यसैले,

-सार्वजनिक स्थानमा धूम्रपान नगरौं,

-किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,

-धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,

-धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,

-आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,

-धूम्रपान त्याग्ने संकल्प गरौं,

-धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महिलालाई जुत्ता, चप्पल बनाउने तालिम

**पाल्पा,** जेठ ३/ जिल्लाको तानसेन नगरपालिका -५ वडा कार्यालयले यहाँका महिलाहरुलाई जुत्ता, चप्पल बनाउने तालिम दिएको छ । उसले महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले एक हप्ते तालिम दिएको हो ।

शुक्रबारदेखि सुरु भएको तालिममा वडा भित्रका ३४ जना महिलाहरुले छालाका जुत्ता र चप्पल बनाउ सिकिरहेका छन् । तालिमबाट स्वरोजगारी सिर्जना गर्नुका साथै महिला सशक्तिकरणमा समेत जोड दिने लक्ष्य रहेको वडाअध्यक्ष रामबहादुर रावलले बताए । सीप विकासमार्फत विपन्न समुदायका महिलाहरुलाई आत्मनिर्भर बनाउन तालिम आयोजना गरिएको उनको भनाई छ । तालिममा सहभागी महिलाहरुले उत्साहका साथ तालिम लिइरहेका छन् । सीप र रोजगारलाई प्राथमिकता दिदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्ने गरी वडाले काम गरिरहेको वडा अध्यक्ष रावलले बताए । उनले महिला र युवाहरुलाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र




उत्पादन गरेका वस्तुहरु बजारसम्म पुऱ्याउनका लागि सहजीकरण गर्ने उल्लेख गरे । तालिम सञ्चालन गरेर महिलाहरुलाई स्वावलम्बन र सशक्तिकरण समेत बनाउन खोजिएको वडा अध्यक्ष रावलको भनाई छ । "हिजो महिलाहरु घरबाट निस्किने स्वतन्त्रता थिएन, अहिले घर बाहिर निस्किन मात्र होइन, आर्थिक आयआर्जनसँग जोडिने स्वतन्त्रता पनि महिलाले प्राप्त गरेका छन् " अध्यक्ष रावलले भने । तालिमबाट महिलाहरु उद्यमी बन्ने र नगरभित्र आर्थिक चलायमान बढ्ने उनले विश्वास व्यक्त गरे । सानो पूँजीमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिलाहरु सजिलै आत्मनिर्भर बन्न सक्ने रावलको भनाइ छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## कृषि आयात र आत्मनिर्भरताको चुनौती

कृषिप्रधान देश भनेर चिनिएको नेपाल आज दैनिक उपभोगका धेरै कृषि वस्तुमा परनिर्भर बन्दै गएको छ । धान, मकै, तरकारी, फलफूलदेखि दूधजन्य पदार्थसम्म विदेशबाट आयात गर्नुपर्ने अवस्था सिर्जना हुनु केवल आर्थिक समस्या मात्र होइन, राष्ट्रिय आत्मनिर्भरतामाथिको गम्भीर चुनौती पनि हो । कृषिमा ठूलो सम्भावना हुँदाहुँदै आयातको मात्रा बढ्दै जानु राज्यको नीतिगत कमजोरी, उत्पादनमुखी योजनाको अभाव र युवाशक्ति पलायनको प्रत्यक्ष परिणाम हो । नेपालमा खेतीयोग्य जमिन प्रशस्त भए पनि धेरै भू-भाग बाँझो रहन थालेका छन् । गाउँका युवा रोजगारीको खोजीमा विदेसिँदा खेतबारी उजाड बन्दै गएका छन् । अर्कोतर्फ, कृषि पेशामा लागेका किसानले समयमै मल, बीउ, सिँचाइ र बजारको सुविधा पाउन सकेका छैनन् । उत्पादन लागत बढ्दो छ तर किसानले उचित मूल्य पाउँदैनन् । यस्तो अवस्थाले कृषिप्रति निराशा बढाएको छ । परिणामस्वरूप विदेशी उत्पादनले नेपाली बजार भरिँदै गएको छ ।

कृषि आयात बढ्नुले केवल व्यापार घाटा बढाउँदैन, यसले देशको खाद्य सुरक्षा पनि कमजोर बनाउँछ । कुनै संकट, महामारी वा अन्तर्राष्ट्रिय द्वन्द्वको समयमा आयात अवरुद्ध भए देशभित्र खाद्यान्न अभाव सिर्जना हुन सक्छ। त्यसैले कृषि आत्मनिर्भरता केवल आर्थिक मुद्दा होइन, राष्ट्रिय सुरक्षासँग समेत जोडिएको विषय हो । अब राज्यले कृषिलाई परम्परागत जीविकोपार्जनको माध्यम मात्र नभई आधुनिक र सम्मानित पेशाका रूपमा विकास गर्न आवश्यक छ । उत्पादनमा आधारित अनुदान, आधुनिक प्रविधिको प्रयोग, कृषिमा युवा आकर्षण, सहकारी प्रणालीको सुदृढीकरण तथा स्थानीय उत्पादनको संरक्षणमा विशेष ध्यान दिनुपर्छ । प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको सम्भावित बाली र उत्पादनलाई प्राथमिकता दिएर दीर्घकालीन योजना बनाउनु आवश्यक छ । नेपालले आत्मनिर्भर कृषि प्रणाली निर्माण गर्न सके मात्र आर्थिक सबलीकरण सम्भव हुन्छ । आयातमा आधारित उपभोग संस्कृतिभन्दा स्वदेशी उत्पादन र श्रमको सम्मान गर्ने सोच विकास गर्नु आजको आवश्यकता हो । कृषि बचाउन सकियो भने मात्र ग्रामीण अर्थतन्त्र बलियो बन्नेछ र राष्ट्रले दिगो समृद्धिको बाटो समात्नेछ ।

## Opinion @ Social Network

बर्बाद नै भए पनि स्वीकार छ
तर फैसला सधैँ आफ्नो अन्तरआत्माको नै मान्छु ।
*(सागर लम्सालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Lamsal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राहत तथा अस्थायी शिक्षकप्रति समाज र सरकारको दायित्व



बसन्त पराजुली

*विद्यालयको चौतर्फी विकासमा अहोरात्र खटिने शिक्षकहरूको व्यावसायिक विकासका लागि राज्यले उचित लगानी र सुरक्षाको प्रत्याभूति दिनु आवश्यक छ । क्षमताको कदर र विभेदको अन्त्य राहत र अस्थायी शिक्षकहरूको योग्यतामाथि कतिपय क्षेत्रबाट गरिने नकारात्मक टिप्पणी र विभेदकारी दृष्टिकोण पूर्णतः गलत र अन्यायपूर्ण छन्। वर्षौंदेखि हजारौं विद्यार्थीलाई दीक्षित गरेर राष्ट्रका लागि दक्ष जनशक्ति उत्पादन गरिरहेका शिक्षकहरूलाई 'स्थायित्व' को प्राविधिक कसीले मात्र मापन गर्नुहुँदैन । शिक्षकको वास्तविक क्षमता उसको कक्षाकोठाको प्रस्तुति, विद्यार्थीको नतिजा र समाजमा उसले पुऱ्याएको योगदानमा झल्किन्छ । त्यसैले, विभिन्न प्राविधिक कारणले प्रक्रियामा नसमेटिएको भन्ने जस्ता भ्रमपूर्ण र विभेदकारी भाष्यलाई जरैदेखि उखेलेर फ्याँक्नुपर्छ । योग्य र अनुभवी शिक्षकहरूलाई सम्मानजनक ढङ्गले प्रणालीमा समेट्नु नै राज्यको बुद्धिमानी हुनेछ । शिक्षकहरूको अनुभवलाई अवमूल्यन गर्दा अन्ततः राष्ट्रको शैक्षिक जग नै कमजोर बन्न पुग्छ । मर्यादाक्रम र समानताको संस्कृति सामुदायिक विद्यालयभित्र सबै शिक्षकहरू एउटै उद्देश्यका सारथि हुन् । विद्यालय प्रशासन र सामाजिक कार्यक्रमहरूमा सबै तह र श्रेणीका शिक्षकहरूलाई समान मानवीय र पेशागत सम्मान प्रदान गरिनुपर्छ । योग्यता र अनुभवको कदर गर्दै पदको स्थायित्व भन्दा पनि उनीहरूले पुऱ्याएको योगदानलाई मर्यादाक्रमको आधार बनाइनुपर्छ ।*

नेपालको शैक्षिक इतिहासमा विद्यालय शिक्षाको जग जोगाउन राहत र अस्थायी शिक्षकहरूको योगदान अतुलनीय छ । २०२८ सालको शिक्षा ऐनदेखि हालसम्मका विभिन्न आरोह-अवरोहमा सामुदायिक विद्यालयको शैक्षिक दियो बलिरहनुमा यी शिक्षकहरूको अथक परिश्रम र समर्पण मुख्य आधार हो । दशकौंदेखि सीमित स्रोत र साधनका बीच पनि राज्यको शैक्षिक खाडल पुर्दै आएका यी शिक्षकहरू आज आफ्नो पेशागत स्थायित्व र भविष्यको सुनिश्चितताको पर्खाइमा छन् । वर्तमान नेपाली शिक्षा क्षेत्रमा नयाँ शिक्षा ऐनको माध्यमबाट शिक्षकका हकहित र पेशागत मर्यादालाई संस्थागत गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ । राज्यको मेरुदण्ड मानिने शिक्षा क्षेत्रलाई अझ सुदृढ बनाउन शिक्षकहरूको मनोबल उच्च राख्नु र उनीहरूको योगदानको उचित कदर गर्नु नै आजको मुख्य कार्यभार हो ।

**व्यावसायिक निष्ठा र जिम्मेवारीको बोझ**

कुनै पनि पेशाको मेरुदण्ड त्यसको व्यावसायिक निष्ठा हो। आज धेरै शिक्षक घरको ऋण, परिवारको लालनपालन र सामाजिक प्रतिष्ठा जोगाउनुपर्ने दबाबका बीच पनि आफ्नो कर्तव्यमा अडिग छन् । व्यक्तिगत र पारिवारिक जिम्मेवारीको यति ठूलो बोझका बावजुद राहत र अस्थायी शिक्षकहरूले दशकौंदेखि प्रतिकूल परिस्थितिमा जुन व्यावसायिकता र निष्ठा देखाएका छन्, त्यो राज्यका लागि गौरवको विषय हो । शिक्षकहरू केवल जागिरे मात्र होइनन्, उनीहरू समाज रूपान्तरणका संवाहक हुन्। शिक्षकको व्यक्तिगत जीवनका विविध पाटो र सामाजिक उत्तरदायित्वहरू भए तापनि उनीहरूले कक्षाकोठामा देखाउने धैर्य, अनुशासन र अध्यापनप्रतिको लगाव अनुकरणीय छ । विद्यालयको चौतर्फी विकासमा अहोरात्र खटिने शिक्षकहरूको व्यावसायिक विकासका लागि राज्यले उचित लगानी र सुरक्षाको प्रत्याभूति दिनु आवश्यक छ ।

**क्षमताको कदर र विभेदको अन्त्य**

राहत र अस्थायी शिक्षकहरूको योग्यतामाथि कतिपय क्षेत्रबाट गरिने नकारात्मक टिप्पणी र विभेदकारी दृष्टिकोण पूर्णतः गलत र अन्यायपूर्ण छन्। वर्षौंदेखि हजारौं विद्यार्थीलाई दीक्षित गरेर राष्ट्रका लागि दक्ष जनशक्ति उत्पादन गरिरहेका शिक्षकहरूलाई 'स्थायित्व' को प्राविधिक कसीले मात्र मापन गर्नुहुँदैन । शिक्षकको वास्तविक क्षमता उसको कक्षाकोठाको प्रस्तुति, विद्यार्थीको नतिजा र समाजमा उसले पुऱ्याएको योगदानमा झल्किन्छ । त्यसैले, विभिन्न प्राविधिक कारणले प्रक्रियामा नसमेटिएको भन्ने जस्ता भ्रमपूर्ण र विभेदकारी भाष्यलाई जरैदेखि उखेलेर फ्याँक्नुपर्छ । योग्य र अनुभवी शिक्षकहरूलाई सम्मानजनक ढङ्गले प्रणालीमा समेट्नु नै राज्यको बुद्धिमानी हुनेछ । शिक्षकहरूको अनुभवलाई अवमूल्यन गर्दा अन्ततः राष्ट्रको शैक्षिक जग नै कमजोर बन्न पुग्छ ।

**मर्यादाक्रम र समानताको संस्कृति**

सामुदायिक विद्यालयभित्र सबै शिक्षकहरू एउटै उद्देश्यका सारथि हुन् । विद्यालय प्रशासन र सामाजिक कार्यक्रमहरूमा सबै तह र श्रेणीका शिक्षकहरूलाई समान मानवीय र पेशागत सम्मान प्रदान गरिनुपर्छ । योग्यता र अनुभवको कदर गर्दै पदको स्थायित्व भन्दा पनि उनीहरूले पुऱ्याएको योगदानलाई मर्यादाक्रमको आधार बनाइनुपर्छ । विद्यालयभित्र सबै शिक्षकबीच आपसी सहकार्य, सद्भाव र उच्च सम्मानको संस्कृति विकास हुनुपर्छ। जब विद्यालयभित्रै विभेदविहीन र सम्मानजनक व्यवहार स्थापित हुन्छ, तब मात्र एउटा आदर्श शैक्षिक वातावरणको सिर्जना हुन्छ र शिक्षकहरूले गौरवका साथ आफ्नो भूमिका निर्वाह गर्न सक्छन्।

**शुद्धीकरण र व्यावसायिक विकास**

शिक्षा क्षेत्रको गरिमा जोगाउन यसलाई दलीय राजनीतिका प्रभावबाट मुक्त राख्नुपर्छ । शिक्षण संस्थालाई विशुद्ध प्राज्ञिक थलोको रूपमा विकास गरिनुपर्छ। राजनीतिक आडमा नियुक्त भएका र अध्यापनमा भन्दा दलीय राजनीतिमा सक्रिय रहनेहरूमाथि कडा छानबिन र कारबाही हुनुपर्छ । शिक्षकहरू स्वयं पनि समयसापेक्ष 'स्मार्ट', प्रविधिमैत्री र नवीन शिक्षण पद्धतिमा अभ्यस्त बन्दै जानु आजको गौरवको कुरा हो । आफ्नो कर्तव्यप्रति समर्पित र विद्यार्थीको चौतर्फी विकासमा दत्तचित्त शिक्षकहरूलाई राज्यले प्रोत्साहन र उचित अवसरहरू प्रदान गर्नुपर्छ ।

**समाधानका सकारात्मक मार्ग र व्यवस्थापनका आधार**

राहत र अस्थायी शिक्षकहरूको समस्यालाई सम्मानजनक निकास दिनु भनेको राष्ट्रको शिक्षा प्रणालीलाई नै बलियो बनाउनु हो। यसका लागि निम्न वैज्ञानिक मार्गहरू अवलम्बन गर्न सकिन्छः

**१.पेशागत निरन्तरता र सामाजिक सुरक्षा**

जो शिक्षक शिक्षण पेशामा नै आफ्नो जीवन समर्पित गर्न चाहन्छन्, उनीहरूलाई राज्यले सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराउनुपर्छ। यसले शिक्षकमा एकप्रकारको आर्थिक भरोसा र उच्च मनोबल ल्याउँछ । यो विषय लामो समयदेखि उठ्दै आएको थियो । तर पूरा भएको थिएन । नेपाल सरकारले हाल राहत तथा अस्थायी शिक्षकहरूलाई सामाजिक सुरक्षा कोषमा पनि आबद्ध गर्ने निर्णय गरिसकेको छ।

अब यस्ता अनुभवी शिक्षकहरूको सेवा अवधि पूरा भई उमेर हदबन्दीका कारण अवकाश पाएपछि, ती रिक्त दरबन्दीहरूलाई अनिवार्य रूपमा शिक्षा सेवा आयोगमार्फत स्थायी प्रक्रियामा परिणत गरी नयाँ विज्ञापन खुलाउने व्यवस्था गर्नुपर्छ ।

**२.समान मर्यादा र सम्मानको सुनिश्चितता**

विद्यालयभित्रको मर्यादाक्रमलाई समन्यायिक बनाउँदै सबै शिक्षकलाई समान पेशागत सम्मान प्रदान गरिनुपर्छ । पद जे भए पनि योग्यता र अनुभवका आधारमा मर्यादा तय गरिनुपर्छ । विद्यालयका शैक्षिक निर्णय प्रक्रियामा उनीहरूको अनुभवलाई मार्गदर्शकको रूपमा लिँदै 'समान काम, समान सम्मान' को अनुभूति गराइनुपर्छ ।

**३. सम्मानजनक बिदाइ र 'गोल्डेन ह्यान्डसेक'**

वर्षौंसम्म राज्यको शिक्षा सेवामा बिताएर स्वेच्छाले विदा हुन चाहने शिक्षकहरूका लागि राज्यले 'गोल्डेन ह्यान्डसेक' सहितको आकर्षक आर्थिक प्याकेजको व्यवस्था गर्नुपर्छ । उनीहरूले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै समाजमा सम्मानजनक ढंगले जीवन व्यतीत गर्ने वातावरण ऐनमै सुनिश्चित गरिनुपर्छ ।

**४.अनुभवको उपयोग (मेन्टर र विशेषज्ञ भूमिका)**

दशकौंको शिक्षण अनुभव भएका शिक्षकहरू राज्यका लागि बौद्धिक पूँजी हुन् । उनीहरूको विज्ञतालाई नयाँ नियुक्त हुने शिक्षकहरूका लागि 'मेन्टर' (मार्गदर्शक) वा प्रशिक्षकको रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय तहमा पाठ्यक्रम विकास र शैक्षिक सुधारका योजना निर्माणमा उनीहरूको अनुभवलाई परिचालन गर्दा शिक्षाको गुणस्तरमा गुणात्मक सुधार आउन सक्छ ।

**५. डिजिटल रूपान्तरण र आधुनिक व्यवस्थापन**

आधुनिक शिक्षा प्रणालीमा प्रविधिको भूमिका महत्वपूर्ण छ। प्रविधिमा रुचि राख्ने शिक्षकहरूलाई विद्यालयका लागि डिजिटल शैक्षिक सामग्री निर्माण र आधुनिक व्यवस्थापनका कार्यहरूमा नेतृत्वदायी भूमिका दिन सकिन्छ । अन्त्यमा, शिक्षकले समाज र राज्यबाट जब उच्च सम्मान र सुरक्षाको प्रत्याभूति पाउँछ, तब मात्र शिक्षामा वास्तविक गुणस्तरको जग बस्छ। राहत र अस्थायी शिक्षकहरूलाई केवल श्रमको रूपमा मात्र नभई राष्ट्र निर्माणका महत्वपूर्ण आधारस्तम्भको रूपमा हेरिनुपर्छ । निरन्तरता दिन चाहनेलाई सामाजिक सुरक्षा र उमेर हदपछि दरबन्दीलाई स्थायी प्रक्रियामा लैजाने सुनिश्चितता दिने तथा सेवा छोड्नेलाई सम्मानजनक विकल्प दिएर यो समस्याको स्थायी समाधान खोज्नु नै आजको उत्तम निकास हो। राज्यले शिक्षकहरूको आत्मसम्मान र भविष्यको कदर गरेमा मात्र नेपालको सार्वजनिक शिक्षाले नयाँ उचाइ चुम्न सक्छ । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: हतारभन्दा धैर्यले काम बन्नेछ। पैसाको विषयमा सोचेर अघि बढ्नु राम्रो रहनेछ। | **तुला** : अरूको कुराले अशान्त बनाउन सक्छ। संयमता अपनाउँदा सहज हुनेछ। |
| **वृष** : आत्मविश्वास बढेको महसुस हुनेछ। आफूले थालेको काममा उत्साह आउनेछ। | **वृश्चिक** :मनको कुरा गर्दा राहत महसुस हुनेछ। सम्बन्धमा मिठास थपिनेछ। |
| **मिथुन**: मन एकैचोटि धेरै कुरातर्फ जान सक्छ। निर्णय लिन समय लाग्न सक्छ। | **धनु** : कामको चटारो बढ्न सक्छ। शरीरलाई आराम दिनु पनि आवश्यक हुनेछ। |
| **कर्कट** : मनमा नयाँ आशा जाग्ने छ। समूहमा गरिने काम सफल बन्ने संकेत छ। | **मकर** : मन हलुका र रमाइलो रहने संकेत छ। आफूलाई मन पर्ने काममा रुचि बढ्नेछ। |
| **सिंह** : जिम्मेवारी सम्हाल्दा प्रशंसा मिल्ने छ। निरन्तरताले राम्रो उपलब्धि दिलाउनेछ। | **कुम्भ** : पुराना कुरा निस्किन सक्छन्। मन अलि भावुक बन्ने संकेत छ। |
| **कन्या** : सिकाइ र अनुभवबाट फाइदा हुने देखिन्छ। सकारात्मक सोच लाभदायक रहनेछ। | **मीन** : कुराले जिज्ञासा बढाउन सक्छ। भेटघाट र कुराकानी लाभदायक बन्नेछ। |

## शिक्षा

# 'एसईई'मा चार 'जिपिए' ल्याउने विद्यार्थीलाई एक लाख पुरस्कार



**नवलपरासी,** माध्यमिक शिक्षा परीक्षा (एसईई)मा चार 'जिपिए' ल्याएर उत्तीर्ण हुने विद्यार्थीलाई नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटस्थित गैँडाकोट इङ्गलिस स्कुलले नगदसहित सम्मान गरेको छ । विद्यालयबाट चार जिपिए ल्याई उत्तीर्ण हुने विद्यार्थी तेजस्वी पन्तलाई गैँडाकोट नगरपालिका नगर शिक्षा अधिकारी खेमप्रसाद आचार्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद कोइराला तथा विद्यालयका प्रधानाध्यापक हीरालाल अर्याललले रु एक लाख नगदसहित सम्मान गरेका हुन् । नगद पुरस्कार हस्तान्तरण तथा सम्मान कार्यक्रममा नगर शिक्षा अधिकारी कोइरालाले विद्यालय तहको पाठ्यक्रमले धेरै जिपिए ल्याउन मद्दत गरेको भए पनि नम्रता, अनुशासन र सामाजिक मूल्य र मान्यतामा विद्यार्थी कमजोर रहेको बताए । जिपिए मात्रै सबै कुरा नभएको भन्दै आचार्यले गुणस्तरीय शिक्षा प्राप्त गर्ने प्रक्रियामा विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकले जोड दिनुपर्ने बताए । अहिले विद्यार्थीहरू शिक्षामा अब्बल हुँदै गएको भए पनि नैतिकता, सदाचारी, अनुशासित विद्यार्थी उत्पादन हुन नसकेको आचार्यले बताए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अर्याललले विद्यालयको पछिल्लो पाँचवर्षे शैक्षिक गतिविधिको समीक्षा गर्दै विद्यालयले निरन्तर उत्कृष्ट नतिजा हासिल गर्दै आएको बताए । उनले यस विद्यालय आफ्नो विद्यालयबाट एसइई उत्तीर्ण विद्यार्थीका औषत जिपिए ३ दशमलव ४५ रहेको भन्दै सबैभन्दा बढी औषत जिपिए अङ्ग्रेजीमा ३ दशमलव ८० रहेको जानकारी दिए । विद्यार्थीले उच्च जिपिएसहित एसइई उत्तीर्ण रहेको भन्दै आगामी वर्षमा यसलाई निरन्तरता दिन सक्नुपर्नेमा प्रधानाध्यापक अर्याललले जोड दिए । उक्त कार्यक्रममा जिपिए चार ल्याउने विद्यार्थी तेजस्वी पन्तले आफ्नो नियमित पढाइसँगै शिक्षक र अभिभावकको सहकार्यले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए । अध्ययनका क्रममा पाठ घोकेरभन्दा पनि विषयवस्तुलाई राम्रोसँग बुझेर पढ्न सकेमा उत्कृष्ट नतिजा प्राप्त गर्न सकिने पन्तले बताए । गएको आइतबार सार्वजनिक भएको २०८२ को एसइईको नतिजाअनुसार जिल्लाबाट १९ जना विद्यार्थीले जिपिए ४ प्राप्त गरेका छन् । प्राविधिकसहित सामुदायिक र संस्थागत गरी जिल्लाका १४३ विद्यालयबाट पाँच हजार ६९७ विद्यार्थी एसइईमा सहभागी भएमा चार हजार १३० जना उत्तीर्ण भएका छन् । जिल्लाबाट ७२ दशमलव ४९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका शिक्षा विकास तथा समन्वय इकाइ नवलपुरले जनाएको छ । *-रासस*

# सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी अनिवार्य




कृष्णापुर नगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको उपस्थितिलाई व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन विद्युतीय हाजिरी प्रणाली अनिवार्य गरेको छ । नगरपालिकामा सञ्चालित १८ आधारभूत र १३ माध्यमिक गरी ३१ वटा सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी मेसिन जडान गरी सञ्चालनमा ल्याइएको छ । शिक्षक तथा कर्मचारीको नियमित उपस्थिति सुनिश्चित गर्दै शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउने उद्देश्यले विद्युतीय हाजिरी प्रणाली लागू गरिएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगेन्द्रप्रसाद भट्टका अनुसार विद्यालयमा कार्यरत कर्मचारीको दैनिक उपस्थितिको अभिलेखीकरणका लागि विद्युतीय हाजिरी प्रणाली कार्यान्वयनमा ल्याइएको छ । "हाजिरी विवरण प्रत्येक १५ दिनमा प्रिन्ट गरी प्रमाणित गरेर सुरक्षित राख्नुपर्ने व्यवस्था गरेका छौँ", उनले भने, "विद्युतीय हाजिरी प्रणालीमार्फत कर्मचारीको दैनिक उपस्थिति (आएको तथा गएको) विवरण अनिवार्य रूपमा अभिलेख राख्नुपर्ने व्यवस्था गरिएको छ ।" विद्युतीय हाजिरी विवरणकै आधारमा शिक्षक तथा कर्मचारीलाई तलब उपलब्ध गराइने व्यवस्था गरिएको छ । सबै सामुदायिक विद्यालयलाई प्रमाणित हाजिरी विवरणको प्रतिलिपि नगरपालिकामा उपलब्ध गराउन निर्देशन दिइएको छ । नगरप्रमुख हेमराज ओझाले विद्युतीय हाजिरी प्रणालीले विद्यालयमा शिक्षक तथा कर्मचारीको नियमितता, अनुशासन र जवाफदेहितामा सुधार ल्याउने विश्वास व्यक्त गरे । "यसले विद्यालय प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्नेछ", उनले भने, "शिक्षाको गुणस्तर सुधारका लागि प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेका छौँ ।" उनका अनुसार केही विद्यालयमा बिग्रिएका हाजिरी मेसिनको मर्मत तथा आवश्यक स्थानमा थप मेसिन जडान गर्ने कार्यसमेत भइरहेको छ । *-रासस*

# त्रिभुवन विश्वविद्यालयः आधारभूत व्यवस्थापनमै चुनौती



त्रिभुवन विश्वविद्यालय केही वर्षयता विभिन्न सञ्चारमाध्यमका छाइरहेको छ, समाचारका शीर्षकहरूमा । समाचार सकारात्मक र नकारात्मक दुवै आशयका हुन्छन् । विश्वविद्यालयले गरेका कमजोरीको विषयमा उठाइएका समाचारहरूलाई नकारात्मक भन्न मिल्दैन । तर, वास्तविकता नबुझी तोडमोड पारिएका समाचार-लेख नकारात्मक हुन् । स्वाभाविक रूपमा ठूलो विश्वविद्यालयका थुप्रै कमजोरी हुन सक्दछन् भने कतिपय अवस्थामा वास्तविकता भन्दा पर गएर समाचार लेखिएको प्रतीत हुन्छ । यति ठूलो विश्वविद्यालयका बारेमा यो एक छोटो लेखले पक्कै सबै पक्षलाई समेट्दैन । तैपनि केही आधारभूत पक्षहरूको बारेमा चर्चा गर्न खोजिएको हो । विश्वविद्यालयका बहुआयामिक पक्ष हुन्छन्, तिनीहरूमध्ये शैक्षिक तथा भौतिक व्यवस्थापन पक्षले ठूलो महत्व राख्दछ । यस लेखमा शैक्षिक पक्षको केही चर्चाका अतिरिक्त व्यवस्थापन पक्ष अन्तर्गत तत्कालै सुधारका लागि गरिनुपर्ने कार्यहरूको बारेमा उल्लेख गरिएको छ ।

**विश्वविद्यालयको शैक्षिक अवस्था**

विश्वविद्यालयको शैक्षिक गुणस्तर मापनका विभिन्न आधार हुन्छन् । शैक्षिक तहमा विद्यार्थी उत्तीर्ण प्रतिशत, विद्यार्थी संख्या, कक्षाकोठामा हुने शिक्षण सिकाइको विधि, खोज अनुसन्धान सम्बन्धी कार्य तथा यसको गुणस्तर आदि। शैक्षिक मापदण्डका आधारबाट हेर्दा विश्वविद्यालयको शैक्षिक अवस्था सुधारात्मक नै देखिन्छ । विगत दश वर्षयता शिक्षण सिकाइ विधिको अतिरिक्त खोज, अध्ययन अनुसन्धानका कार्यहरू उल्लेख्य वृद्धि भएको छ । शिक्षण पद्धतिका नवीनतम प्रविधिको प्रयोग भएको छ भने खोज अनुसन्धान सम्बन्धी कार्य तथा जर्नलमा प्रकाशित कृतिहरूको संख्या र गुणस्तरमा निकै नै विकास भएको छ । तैपनि काम गर्नेको भन्दा बोल्नेकै आवाज ठूलो तथा पढ्नेको भन्दा पढे जस्तो गर्नेकै आवाज उँचो हुँदा समुदायमा नकारात्मक सन्देश बढी प्रसारित भएको छ । विश्वविद्यालयभित्र भइराखेका पठनपाठन तथा अनुसन्धान सम्बन्धी कार्यहरूको बारेमा समाजमा सूचित गर्न नसक्दा धेरै विद्यार्थीले वास्तविकता थाहा नपाएर विदेश यात्रा समेत तय गर्ने गरेका छन्। यद्यपि शिक्षाका लागि विदेशी विश्वविद्यालय जानु नराम्रो कुरा होइन, तर पलायनको बाटो नै रोज्नु सोचनीय विषय हो ।

**कक्षाकोठा र फर्निचरकै अभाव**

शैक्षिक गुणस्तरमा सुधार गर्न पहिले आधारभूत भौतिक व्यवस्थापन पक्ष ठिक हुनुपर्दछ । शैक्षिक अवस्था आशातित हुँदाहुँदै पनि भौतिक पूर्वाधारको पक्ष सन्तोषजनक नरहेकाले पनि शैक्षिक गुणस्तरमा सोचेजस्तो सुधार हुनसकेको छैन । प्राध्यापक, कर्मचारी तथा विद्यार्थीका लागि आवश्यक कक्षाकोठा, अनुसन्धान सम्बन्धी प्रयोगशाला तथा कार्यालयहरू उराठलाग्दा छन् । विश्वविद्यालयका कतिपय केन्द्रीय विभागदेखि विभिन्न क्याम्पसमा प्राध्यापकहरू एकै समयमा आ-आफ्नो कार्यालय उपस्थित भएको अवस्थामा सबैका लागि बस्ने ठाउँ छैन । कोही सरासर कक्षाकोठामा प्रवेश गर्ने, कोही प्रयोगशालातिर लाग्ने तथा कोही चौरमै विद्यार्थीसँग छलफलमा रहने हुनाले हालसम्म काम चल्दै आएको छ । प्रशासनले पनि सबैलाई कार्यालयभित्र बोलाउन अप्ठेरो महसुस गर्छ किनभने सबै शिक्षक कर्मचारी भित्र प्रवेश गर्दा बस्ने ठाउँ नै हुँदैन । कम्तीमा एक जनाका लागि १ कुर्सी र १ टेबलसम्म भइदिए पनि कक्षा तयारी तथा विद्यार्थीसँग कुराकानी गर्न सहज हुन्थ्यो । आवश्यक भौतिक पूर्वाधार नहुँदा अध्ययन गर्नेका लागि अप्ठेरो र जिम्मेवारीबाट भाग्न चाहनेका लागि बहाना समेत बनेको छ । अर्कोतिर, प्रत्येक क्याम्पसमा केही कक्षाकोठा बिग्रेका, भाँचिएका काम नलाग्ने फर्निचरहरूले भरिएका छन् । यसले एकातिर प्राध्यापक, विद्यार्थीका लागि कक्षाकोठा अभाव भएको छ भने अर्कोतिर थुप्रिएका सामान दिनदिनै कुहिने र सड्ने समस्या देखिएका छन्। काम नलाग्ने यस्ता सामानहरू बिक्री-वितरण गर्ने प्रक्रिया यति झन्झटिलो छ कि कसैले सही नियतले नै कार्य गर्दा पनि आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षणमा समस्या हुन्छ । यसको विधि पुऱ्याउन कठिन हुने हुनाले कसैले पनि यसको व्यवस्थापन गर्ने आँटै गर्दैन, बरु बिग्रोस् भन्ने अवस्था आउँछ । यसका साथै शौचालय र शुद्ध खानेपानीको व्यवस्था अत्यन्तै कमजोर छ । विशेषगरी छात्राहरूका लागि उचित शौचालय र अत्यावश्यक सामग्रीको व्यवस्था नहुँदा विश्वविद्यालयमा भर्ना हुने इच्छा हुँदाहुँदै पनि ती विद्यार्थी भर्ना नै नभएका प्रशस्त उदाहरण छन्। सुन्दा सामान्य लाग्ने यी समस्या शैक्षिक संस्थाका लागि आधारभूत तत्वहरू नै हुन् । यस्ता कार्यहरू गर्न सकिने भए पनि हालसम्म समाधान हुनसकेको छैन ।

**कार्य सम्पादनमा समस्या**

दैनिक प्रशासनिक कार्य सम्पादनमा सूचनाप्रविधिको प्रयोग अझै कमजोर छ । त्यति मात्र होइन प्रविधिप्रतिको बुझाइ पूर्ण हुनसकेको छैन । टाइप र प्रिन्ट गर्न सक्नेलाई प्रविधि जानेको जनशक्ति भन्ने भ्रम समेत छ। कतिपय कार्यालयहरूले प्रविधिलाई अपनाउने प्रयास गरे पनि धेरैजसोमा उही फाइलको धुलो टक्टक्याउने कार्यले छोडेको छैन । फाइलमा राखिएका विवरणलाई पूर्ण रूपमा डिजिटलाइजेसन गर्न सके यस्ता सानातिना समस्याहरू सजिलै समाधान हुन्थ्यो भने जनशक्तिको अभाव पनि हुँदैनथ्यो । अहिलेको मूल समस्या आफू प्रविधि नजान्ने र कामका लागि जनशक्ति अभाव भयो भनेर उम्किने प्रवृत्ति हो । अर्को कमजोर पक्ष उपयुक्त जनशक्तिको उचित स्थानमा व्यवस्थापन हुन नसक्नु हो । पहुँचको आधारमा सहज स्थानमा सरुवा हुने रोग नै छ । पछिल्लो समय विश्वविद्यालयभित्र कर्मचारीहरूका लागि समय-समयमा कार्य सम्पादन सम्बन्धी प्राविधिक तालिमको व्यवस्था नभएको पनि होइन । तैपनि तालिमको लाभ प्राविधिक कार्यका लागि भन्दा बढुवामा नम्बर प्राप्तिको उद्देश्यमा सीमित देखिन्छ । तालिम सकेपछि कार्य पद्धति उस्तै रहन्छ । परीक्षा नियन्त्रण कार्यालय जस्तो संवेदनशील ठाउँमा समेत प्राविधिक जनशक्तिको उचित व्यवस्थापन हुनसकेको छैन, समयमा परीक्षाफल प्रकाशित हुन नसक्नु यही नै मुख्य कारण हो । निरन्तर काममा खटिन सक्ने तथा सफ्टवेयर सम्बन्धी राम्रो ज्ञान भएका कर्मचारीहरूलाई व्यवस्थापन गर्न सके यो समस्या समाधान हुन्छ । विश्वविद्यालयसँग त्यस्ता प्राविधिक दक्षता भएका र समर्पित कर्मचारी नभएका पनि होइनन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) ले पाँच लाखभन्दा बढी विद्यार्थीको परीक्षाफल एक महिनाभित्र प्रकाशित गर्न सक्छ भने विश्वविद्यालयले एक महिनामा नसके दुई महिनाभित्र परीक्षाफल प्रकाशित गर्न किन सक्दैन'

**सेवाग्राहीप्रतिको व्यवहारमा सुधार आवश्यक**

विश्वविद्यालयमा आफ्नो काम लिएर आउने सेवाग्राहीप्रतिको व्यवहार उदेकलाग्दो छ । यहाँ आउने सेवाग्राही देशैभरिबाट तथा कतिपय विदेशका समेत हुन्छन् । उनीहरूमध्ये कति त निकै हतारमा पनि हुन्छन् । उनीहरूलाई आफ्नो कामको लागि कुन ठाउँ, कुन कोठामा जानुपर्ने हो थाहा हुँदैन । जहाँ सहज हुन्छ त्यही ठाउँमा सोध्छन्। उनीहरूको आकांक्षा ठूलो पनि हुँदैन, मात्र सही स्थानको जानकारी लिन चाहन्छन्। तर सेवाग्राहीप्रतिको व्यवहार यति कमजोर छ कि उनीहरूको समस्या आफ्नो जस्तै हो भन्ने महसुस नै हुँदैन। कति त बोल्दै नबोल्ने र कतिमा बोले पनि साह्रै रूखो व्यवहार हुन्छ, जसको कारण सेवाग्राही हार खाएर अर्को कोठातिर लाग्छ । विश्वविद्यालयले आफ्ना जनशक्तिलाई सेवाग्राही-आचरण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने महसुस भएको छ । विश्वविद्यालयले कार्यालय समयमा सामाजिक सञ्जाल (फेसबुक, टिकटक र युट्युब) को प्रयोगमा नियन्त्रण गर्नुपर्ने अवस्था छ । यी एक प्रकारका डिजिटल नशा हुन्, यिनीहरूले विस्तारै नजानिंदो लत बसालिराखेका हुन्छन् । यस्ता लतले दैनिक कार्यमा ह्रास ल्याउँछ । यस्ता सामग्री नहेरे पनि जीवन चल्ने कुरा हुन्, अझ कार्यालय समयमा त हानिकारक नै हुन्छन्। यस्ता श्रव्यदृश्य नशाले अनावश्यक उत्तेजना पैदा गर्छन्, जसको प्रतिक्रिया कहिलेकाही सेवाग्राहीमा पोखिन सक्छ, जुन घातक हुन्छ । विश्वविद्यालयको व्यवस्थापनमा पुन:संरचनाको आवश्यकता छ । कतिपय स्थानमा आवश्यकता भन्दा बढी र कुनै स्थानमा जनशक्ति अपुग छ । यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुरको उदाहरण लिन सकिन्छ । यहाँ प्रत्येक विभागमा छुट्टाछुट्टै प्रशासन र लेखा सञ्चालित छन् । २०८१ सालको स्ववियु निर्वाचनको बखत तीन वटा सेमेस्टर सँगसँगै सञ्चालित थिए । तर, शैक्षिक क्यालेन्डर अनुसार नियमित कक्षा सञ्चालन हुँदा एकै समयमा दुईवटा मात्रै सेमेस्टर सञ्चालन हुनुपर्छ । तीनवटा सेमेस्टर लगातार सञ्चालन हुँदाको अवस्थामा पनि जम्मा ६१ सय भन्दा केही बढी विद्यार्थी थिए, जसमध्ये ५०.५३ प्रतिशत (३ हजारभन्दा केही बढी) विद्यार्थीले मतदान गरेका थिए । अहिलेको अवस्थामा २ सेमेस्टर नियमित सञ्चालन हुँदा चार हजारको हाराहारी हुन्छन्, यति विद्यार्थीको व्यवस्थापन गर्न ४५ वटा कार्यालयहरू छन्, हरेकमा प्रशासन छ र लेखा छ । कम्तीमा शैक्षिक व्यवस्थापनको जिम्मेवारी हरेक विभागमा दिएर आर्थिक व्यवस्थापन एकीकृत गर्न सके बोझिलो जनशक्ति व्यवस्थापन सहज हुनेथियो भन्ने लाग्छ। साथै अन्य क्याम्पसहरूका लागि पनि संरचनागत सुधारको उत्तिकै जरूरी छ । *-अनलाइन खबरडटकम*

# कालीका लघु वित्तको वित्तीय साक्षरता कार्यक्रम



**पाल्पा,** जेठ ३/ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्रसम्म साना उद्यमी किसानहरुका बिचमा वित्तिय पहुँच पुऱ्याएको कालीका लघु वित्तीय संस्थाले केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम गरेको छ । उसले आफना शेयर सदस्यलाई बचतको महत्व, ऋण र लगानी, डिजिटल वित्तिय, डिजिटल ठगीको पहिचान, सेयर बजार र अन्य आधारभूत वित्तीय अवधारणालगायत वित्तीय साक्षरताका विभिन्न पक्षहरूमा शिक्षित गराउने उद्देश्य एक दिवसिय केन्द्र प्रमुख गोष्ठी तथा साक्षरता कार्यक्रम गरेको हो ।

तानसेन नगरपालिका -९ दकमडामा रहेको संस्थाले आफनो सेवा विस्तार भएका क्षेत्रका सेवाग्राही , संस्थामा कार्यरत कर्मचारीलाई साक्षरतासँगै प्रशिक्षण दिइएको स्थानीय पत्रकार प्रकाश नेपालले जानकारी दिए ।कार्यक्रमको तानसेन नगरपालिका -९ का वडा अध्यक्ष राजेश कुमार अर्यालले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले अहिलेको अवस्थामा वित्तीय साक्षरता कार्यक्रम आवश्यक रहेको बताए । अध्यक्ष अर्यालले आर्थिक विकासमा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण रहेको बताए । उनले भने "देशको अर्थतन्त्रको ठूलो हिसां बैंक तथा वित्तीय क्षेत्रले ओगटेको छ । यसको विकास विना आर्थिक समृद्धि सम्भव छैन ।" कार्यक्रममा बिशिष्ट अतिथि वामीटक्सार अनुगमन अधिकारी अनिल केसी, सराइका इलाका प्रहरी प्रमुख, खसौली शाखाका शाखा प्रमुख, आयभन्ज्याङ शाखाका शाखा प्रमुख,शाखाका सम्पुर्ण कर्मचारी साथै विभिन्न केन्द्रका केन्द्र प्रमुख तथा उपप्रमुख गरी करिब ९० जनाको सहभागीता रहेको थियो । बैंक तथा वित्तीय संस्था भन्दा टाढा रहेका व्यापारी, किसान उद्यमीलाई वित्तीय सुविधा प्रदान गरेको संस्थाले तिनाउ, माथागढी बगनासकाली गाउँपालिका र तानसेन नगरपालिकालाई कार्य क्षेत्र बनाउँदै विना धितो ७ लाख र धितो राखेर १५ लाख रुपैयाँसम्म कर्जा प्रवाह गरेको सस्थाको प्रमुख मैना थापाले बताइन् । साना व्यापारी तथा व्यवसायी किसानले मेहनतबाट आर्जित रकमलाई कसरी परिचालन गर्ने र कसरी बचत गरी सुनौलो भविष्यको परिकल्पना गर्ने भन्ने विषयमा प्रशिक्षित गरिएको उनले बताइन् । आगामी दिनमा पनि वित्तीय कार्यक्रमलाई निरन्तरता दिर्दै जाने प्रमुख थापाको भनाई छ । पछिल्लो समय वित्तीय संस्थाहरुमा आर्थिक अपचलनका घटनाहरु बढ्दै गएकाले शेयर सदस्यहरुमा वित्तीय साक्षरताको आवश्यकता बढेको हो । बैंक तथा वित्तीय संस्थाबाट वित्तीय सेवा लिँदा नागरिकको हैसियतले उनीहरूले पाउने न्यूनतम अधिकार सुनिश्चित हुन जरुरी छ । वित्तीय संस्थाबाट पाउने सेवाका बारे सुसूचित हुनु, सेवाको छनोटको अवसर प्राप्त हुनु, सेवाग्राहीलाई वित्तीय संस्थाबाट शोषण हुनबाट जोगाउनु, ग्राहकमैत्री व्यवहार, वित्तीय संस्थाले प्रवाह गर्ने सेवा र त्यसमा लाग्ने ब्याज वा शुल्क निर्धारण हुने विधि, पारदर्शिता खुला हुनु, वित्तीय साक्षरता प्राप्त गर्नुलगायतका विषय ग्राहक संरक्षणको दायरामा पर्छन् । सोही कुरालाई कालीका लघु वित्तीय संस्थाले आत्मसाथ गरेको पाइन्छ । कार्यक्रममा उत्कृष्ट केन्द्र प्रमुख, बचतकर्ता, ऋणी र उत्कृष्ट १० ओटा केन्द्रलाई पुरस्कार तथा सम्मान गरिएको थियो । केन्द्र नं ०४ कि केन्द्र प्रमुख बिनिता लुइँटेलको अध्यक्षता, ईश्वरी गिरि भारतीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८३/०८४ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र **फिजियोथेरापी** विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

२) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

३) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

४) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्धारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

५) आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातको सक्कल प्रति ।

**- आवेदन फारम ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**

**- फारम बुझाउने अन्तिम मिति-२०८३ जेष्ठ १३ गते बुधवार**

**(कार्यालय समय भित्र)**

सम्पर्क

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

मेहलधारा -२, तानसेन, पाल्पा

(पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)

फोन नं. ०७५-५२०७१४

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२,९८४५६३५१७४


खेलकुद समाचार

## आईपीएलमा कोलकाताले गुजरातलाई हरायो



**काठमाडौं,** जेठ ३/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा कोलकाता नाइट राइडर्सले गुजरात टाइटन्सलाई हराएको छ । कोलकाता २९ रनले विजयी भएको हो । शनिबार बेलुका इडन गार्डेन्समा टस हारेर पहिला ब्याटिङ गरेको कोलकाताले २ विकेट गुमाएर २४७ रन बनाएको थियो । कोलकाताको जीतमा फिन एलनले उत्कृष्ट ब्याटिङ गर्दै ३५ बलमा ९३ रन बनाए । अंगकृष रघुवंशी ४४ बलमा ८२ रनमा अविजित रहे । क्यामरन ग्रीनले २८ बलमा अविजित ५२ रन बनाए । कोलकाताले दिएको २४८ रनको लक्ष्य पछ्याएको गुजरातले ४ विकेट गुमाएर २१८ रनमात्र बनाउन सक्यो । गुजरातका कप्तान शुभमन गिलले ४९ बलमा ८५ रन बनाए पनि जिताउन सकेनन् । आईपीएल क्रिकेटको अङ्क तालिकामा गुजरात १३ खेलमा १६ अङ्कका साथ तालिकाको दोस्रो स्थानमा छ भने कोलकाता १२ खेलमा ११ अङ्कका साथ तालिकाको सातौं स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# घट्यो सुनचाँदीको मूल्य




**पाल्पा,** जेठ ३/सुनको भाउ ओरालो लागेको छ । दुई कारोबार दिनमै सुन प्रतितोला ८ हजार ५ सय रुपैयाँ घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले आइतबारका लागि सुनको भाउ प्रतितोला २ लाख ९४ हजार रुपैयाँ कायम गरेको छ ।

अघिल्लो कारोबार दिनको तुलनामा यस दिन ४ हजार ५ सयले सुनको भाउ घटेको हो । अघिल्लो दिन पनि ४ हजार रुपैयाँले मूल्य घटेर २ लाख ९८ हजार ५ सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै बिहीबार ३ लाख २ हजार ५ सयमा सुनको कारोबार भएको थियो । शुक्रबार र आइतबार गरी सुनको भाउ तोलामा ८ हजार ५ सय रुपैयाँ घटेको हो । चाँदीको मूल्य पनि घटेको छ । अघिल्लो दिन प्रतितोला ५ हजार ३ सय ९० मा सुनको कारोबार भएकोमा यस दिन ५ हजार ६० मा झरेको छ । बिहीबार ५ हजार ७ सय ४५ मा चाँदीको कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार यो दिन अन्तरराष्ट्रिय बजारमा एक औंस सुन चार हजार ५ सय ४० र त्यति नै परिमाणको चाँदी ७७ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६४, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई